म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ९२ २०७९ फगुन १० गते बुधबार 22 February 2023, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

**जातीय विभेदको अन्त्य गरौं ।**

- जातीय आधारमा नभई मानिसको ज्ञान, सीप र कर्मको कदर गरौं ।
- मानिसको श्रेष्ठता उसको आचरणले निर्धारण गर्दछ।
- कर्मद्वारा मानिसको श्रेष्ठता कायम गरौं।
- जातीय विभेदले पैदा गरेको अन्धविश्वासमा नपरौं।
- छुवाछुत र भेदभावजन्य कार्य दण्डनीय हो, सचेत रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## आधुनिक प्रविधियुक्त विशेषज्ञ सेवा आवश्यकः राष्ट्रपति भण्डारी



समाज संवाददाता

हेटौंडाः राष्ट्रपति विद्यादेवी भण्डारीले जनस्वास्थ्यको उच्चतम लक्ष्य हाँसिल गर्न जनताकै घरदैलोमा सामान्य औषधीमुलोदेखि आधुनिक प्रविधियुक्त विशेषज्ञ सेवा उपलब्ध गराउनु आवश्यक भएको बताउनुभएको छ । मंगलबार हेटौंडामा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको हेटौंडा अस्पतालको नवनिर्मित भवनको उद्घाटन गर्नुहुँदै उहाँले गुणस्तरीय स्वास्थ्य सेवालाई सबै नागरिकको सुलभ र सहज पहुँचमा पुऱ्याउनु राज्यको महत्वपूर्ण दायित्व भएको समेत बताउनुभयो ।

आधुनिक समयमा विस्तार हुँदै गएको उपभोक्तावाद, मानिसको बदलिँदो जीवनशैली तथा तिव्र वातावरण असन्तुलनका कारण सर्ने तथा नसर्ने रोगको प्रकोप फैलिदै जानु चिन्ताको विषय भएको उहाँको भनाइ छ। उहाँले यसबाहेक विभिन्न समयमा अचानक देखापर्ने कोभिड-१९ जस्ता नयाँ रोगका साथै डेंगु र हैजा जस्ता महामारीको सामना गर्न सक्षम हुनेगरी सार्वजनिक स्वास्थ्य प्रणालीलाई सुदृढ बनाउन तीनै तहका सरकारले उचित ध्यान दिनुपर्ने बताउनुभयो ।

मानव जीवनको आधारभुत आवश्यकताको रुपमा रहेको स्वास्थ्य केवल रोग नलाग्नु मात्र होइन भन्ने तर्क गर्दै राष्ट्रपति भण्डारीले बरु शारीरिक एवं मानसिक रुपले समेत तन्दुरुस्त र सकारात्मक रहन सकिने अवस्था वास्तविक अर्थमा स्वास्थ्य भएको बताउनुभयो । स्वास्थ्य सेवा र स्वास्थ्य शिक्षाका लागि ठुलो मात्रामा विदेश पलायन भैरहेको पुँजीलाई रोक्न, स्वदेशमै गुणस्तरीय सेवा तथा स्वास्थ्य शिक्षा उपलब्ध गराउने कार्यमा प्रतिष्ठानले महत्वपूर्ण योगदान पुऱ्याउने राष्ट्रपतिको अपेक्षा रहेको छ ।

कार्यक्रममा प्रतिष्ठानका कुलपति तथा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले प्रतिष्ठानको स्थापनालाई प्रदेशकै गौरवको आयोजनाको रुपमा अगाडि बढाएर सफल बनाइएकोमा खुसि व्यक्त गर्नुभयो । उहाँले प्रदेशका ११९ वटै पालिकामा स्वास्थ्य अवस्थाको अध्ययन गरेर गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सरकार कटिबद्ध रहेको बताउनुभयो । मुख्यमन्त्री जमकट्टेलले भन्नुभयो, 'सामान्य औषधी उपचार गर्न पनि गाउँ-गाउँबाट मानिसहरु शहरमा झर्नुपर्ने अवस्था छ । हामी यो अवस्था अन्त्य गर्छौं ।'

पुर्वमुख्यमन्त्री डोरमणि पौडेलले लामो मिहिनेत, प्रहार र अवरोधकाबीच प्रतिष्ठानअन्तर्गतको हेटौंडा अस्पतालको नयाँ भवन निर्माण गर्न सफल भएको बताउनुभयो । उहाँले रिफर अस्पतालको रुपमा रहेको हेटौंडा अस्पतालको पहिचान फेरिएको उल्लेख गर्नुभयो । सहकुलपति तथा प्रदेशका स्वास्थ्य मन्त्री रामेश्वर श्रेष्ठले हेटौंडा अस्पतालको सेवा विस्तार सँगै स्वास्थ्य सेवासँग सम्बन्धित दक्ष जनशक्ति उत्पादन समेत हुने बताउनुभयो । उहाँले यहाँबाट उत्पादित जनशक्तिले दुर्गम गाउँमा गएर बिरामीको सेवा गर्ने विश्वास व्यक्त गर्नुभयो ।

हेटौंडा उपमहानगरकी प्रमुख मिना कुमारी लामाले प्रतिष्ठानको स्थापनासँगै अस्पतालबाट प्राप्त स्वास्थ्य सेवाबाट राहत मिलेको बताउनुभयो । उहाँले गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका मकवानपुरवासीका लागि अस्पतालको सेवा विस्तार गौरवको विषय भएको उल्लेख गर्नुभयो । उहाँले स्वास्थ्य सेवा प्रबर्द्धनका लागि प्रतिष्ठानलाई हर तरहको सहयोग गर्ने बताउनुभयो ।

प्रतिष्ठानका उपकुलपति डा. विश्वराज जोशीको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश प्रमुख यादव चन्द्र शर्मा, प्रदेशका मन्त्रीहरु, प्रदेश तथा प्रतिनिधिसभाका सांसदहरु, प्रदेशका सचिवहरु लगायतको आतिथ्यता रहेको थियो । २०७६ साल असोज २ गते प्रदेशस्तरमै. पहिलोपटक बागमती प्रदेशको राजधानी हेटौंडामा प्रतिष्ठानको स्थापना भएको थियो । हेटौंडा अस्पतालको नवनिर्मित भवन ३५ करोड ३२ लाखमा निर्माण सम्पन्न भएको थियो । नयाँ भवन ७० शैय्या क्षमताको रहेको छ । नयाँ र पुरानो भवनमा गरी अस्पतालको २ सय शैय्या क्षमता रहेको छ । नयाँ भवनमा अस्पतालको सेवा सुरुभएसँगै इमर्जेन्सी शैय्याको संख्या ८ बाट बढाएर २४ शैय्यामा वृद्धि गरिएको छ ।

यसैगरि अस्पतालमा १७ शैय्याको आइसियू, २० शैय्याको एचडीयू र ६ शैय्याको डायलाइसिस सेवा उपलब्ध छ । अस्पतालले एक महिनाभित्रमा ५ शैय्या क्षमताको एनआइसीयू सेवा सञ्चालन गर्न तयारी गरिरहेको छ । अस्पतालको सेवा अझ विस्तार गर्न ६ तले नयाँ भवन समेत निर्माण गरिरहेको छ। यो भवन निर्माण सम्पन्न भएपछि ५ सय शैय्याको अस्पताल हुने पुर्वमुख्यमन्त्री डोरमणी पौडेलले बताउनुभयो । अस्पतालमा अहिले ३८ जना विशेषज्ञ चिकित्सक र ५० जना मेडिकल अधिकृतसहित ३ सय ८७ जना कर्मचारी कार्यरत छन् । अस्पतालबाट दैनिक सरदर ७ सय ५० जनाले बहिरंग सेवा प्राप्त गरिरहेका छन्। २०१६ सालमा १५ शैय्यासहित हेटौंडा अस्पतालको स्थापना भएको थियो ।

### बकैया कला-साहित्य सकियो

## स्रष्टा, सेवी र कलाकारलाई सम्मान



*सम्मानित स्रष्टा, कलाकार, साहित्यसेवीहरु ।*

समाज संवाददाता

बकैयाः बकैया कला-साहित्य महोत्सव सकिएको छ । सोमबार र मंगलबार दुईदिन आयोजना गरिएको महोत्सवमा स्रष्टा, सेवी, कलाकारलाई सम्मान गर्नुका साथै नवप्रतिभालाई मञ्च उपलब्ध गराई प्रोत्साहित गर्नुका साथै विविध विषयमा बहस आयोजना गरिएको थियो ।

बकैया कला-साहित्य महोत्सवको अवसरमा मंगलबार साहित्यकार, पत्रकार, कलाकारलाई सम्मान गरिएको छ । नगद ५ हजार ५ सय रुपैयाँसहित नवप्रतिभा सम्मान स्वस्तिका दाहाललाई प्रदान गरिएको छ । यस्तै कलाकारिता सम्मानबाट चित्रकार ऋषि केबी, साहित्य सेवा सम्मानबाट कृष्णप्रसाद चौलागाई, सिर्जनशील नारी सम्मानबाट अनिता न्यौपाने, युवा प्रतिभा सम्मानबाट सिन्धुलीकी अमला अधिकारी सम्मानित हुनुभएको छ। सबैलाई जनही ७ हजार ७ सय ७७ रुपैयाँ नगदसहित दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरिएको छ।

यस्तै ११ हजार १ सय ११ रुपैयाँसहित गोकर्ण गौतम स्मृति पत्रकारिता पुरस्कारबाट भानुभक्त आचार्य, २१ हजार १ सय २१ रुपैयाँसहित सुर्खेतका प्राध्यापक डा. जितेन्द्रदेव गिरीलाई होमनाथ-टिकामाया प्रतिभा सम्मान प्रदान गरिएको छ । झरना साहित्यिक परिवार मकवानपुरका उपाध्यक्ष चिरञ्जीवी लामिछानेको अध्यक्षता तथा बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्यमा सम्मान समारोह भएको थियो ।

यसैबीच बकैया कला-साहित्य महोत्सवमा उत्कृष्ट ४ कविता र उत्कृष्ट ५ चित्रकारलाई पुरस्कृत गरिएको छ । दुईदिवसीय महोत्सवको पहिलो दिन सोमबार विद्यालय तहका विद्यार्थीबीच कविता र चित्रकला प्रतियोगिता गरिएको थियो । कवितातर्फ जनक माविकी रेणु घले, महेन्द्र माविका सन्तोष विक, प्रभात माविकी सुजिता परियार र बुद्ध माविकी सुमिना दाहालका कविता उत्कृष्ट घोषित गरिएको छ । कविता प्रतियोगितामा १८ जना विद्यार्थीको सहभागिता रहेको थियो ।

यस्तै चित्रकला प्रतियोगितामा सहभागी ६२ जना मध्ये जनक माविका मुकेश घलान, माटोकोरी आधारभूत विद्यालयकी विनिता लिम्बु, कर्मप्राप्ती माविकी आयुशा शंकर, बुद्ध माविकी सिर्जना कुमारी ठाकुर र सुमिना बल उत्कृष्ट घोषित भइन्। कविता प्रतियोगिता र चित्रकला प्रतियोगितामा उत्कृष्ट हुने विद्यार्थीलाई जनही पाँचसय रुपैयाँसहित पुरस्कृत गरिएको छ ।




### मकवानपुरको गोल्डकप फाइनल आज

## मनाङ र हिमालयन दुवैको उपाधि जित्ने दावी



समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी शहीद स्मृति स्थानीय तह अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकप फुटबल प्रतियोगिताको फाइनल खेल आज बुधबार हुँदैछ । हेटौंडा-५, पिप्लेस्थित पिप्ले-क्याम्पा रंगशालामा हुने फाइनल खेलमा उपाधी हात पार्न मनाङ मर्स्याङ्दी र हिमालयन शेर्पाबीच प्रतिस्पर्धा हुनेछ ।

मकवानपुर गोल्डकपमा पहिलो पटक हिमालयन शेर्पा र मनाङ भिड्न लागेको हो । दुवै टोलीका प्रशिक्षक र कप्तानले उपाधी आफ्नो पक्षमा पार्ने दावी गरेका छन् । मंगलबार मकवानपुर जिल्ला फुटबल संघले खेलमैदानमा आयोजना गरेको प्रिम्याच कन्फ्रेन्समा बोल्दै दुवै टोलीका प्रशिक्षक तथा कप्तानहरुले उपाधी आफ्नो पक्षमा हात पार्ने दावी गरेका हुन् । प्रिम्याच कन्फ्रेन्समा बोल्नुहुँदै मनाङका प्रशिक्षक शिव लामाले अहिले मनाङले खेलाडीको ...बाँकी पृष्ठ ३ मा

# सम्पादकीय

## लोकप्रियताको लोभमा सरकार

मुलुकको आर्थिक संकट अब छोपेर छोपिने स्थिति छैन । मुलुकको संकटको मुख्य दोषी राज्य व्यवस्था हो । अर्थ व्यवस्थालाई सही मार्गमा डोऱ्याउन सक्ने राज्य व्यवस्था भएको भए आम समुदायमा अहिले यतिको संकटको स्थिति रहने थिएन । नेपालको अर्थतन्त्र सानो भएका कारण अन्तर्राष्ट्रिय वातावरणबाट उत्तिको प्रभावित नहुने, टाटै पल्टियो भन्ने जस्तो गम्भीर जोखिम नदेखिने अर्थ विज्ञहरुको भनाइ छ । संकटको बेला पनि तीनै तहका सरकारहरु संकटको सामना गर्न गम्भीर देखिँदैन । अर्थ व्यवस्था चौपट भइरहेका बेला आलंकारिक भनिएको राष्ट्रपतिका लागि दलहरुको खिचातानी चर्को छ । मुलुक आर्थिक संकटमा छ सत्ता साझेदार दलमा सत्ताकै लागि अविश्वास बढ्दो छ भने प्रतिपक्षी दल मुलुकको संकटलाई लिएर सत्तारुढ दललाई जिम्मेवार बनाउन भन्दा सत्तामा आफैं पुग्ने दाउपेचमा व्यस्त छ ।

मुलुकको संकटप्रति चिन्ता व्यक्त गर्दै बागमती प्रदेश सरकारका प्रवक्ता समेत रहनुभएका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ (जेएन) थपलियाले सोमबार मन्त्रालयमा पत्रकार सम्मेलन गरेर मुलुकको आर्थिक संकटको स्थितिलाई ध्यान दिएर चालु खर्च कटौतीका योजना सार्वजनिक गर्नुभयो । आर्थिक ममिला तथा योजना मन्त्रालयका सचिव नेतृत्वको कार्यदलले तयार पारेको प्रतिवेदनको आधारमा चालु खर्च कटौती गर्ने निर्णय गरिएको मन्त्री थपलियाको भनाइ थियो । चालु खर्चतर्फ कर्मचारीलाई अतिरिक्त काममा नलगाउने, फिल्ड भ्रमणका कार्य रोक्ने, यातायात, इन्धनमा हुने खर्चलाई कटौती गर्ने, सवारी साधन र कम्प्युटर, फर्निचर खरिद नगर्ने, सेवा केन्द्रहरु घटाउने, सेवा क्षेत्र विस्तार नगर्ने जस्ता छन् ।

मन्त्री थपलियाले खर्च कटौतिको प्रस्तावहरु सार्वजनिक गरिरहनुहुँदा सञ्चारकर्मीले यस्ता योजनाले चालु खर्चमा कति कमि आउनेछ भनी उल्लेख गरिएको छैन, यसको अनुमान गर्न सकिन्छ ? भन्ने प्रश्नमा स्वकीय सचिवको कानेखुसीका आधारमा फ्याट्ट २३ प्रतिशतले खर्च कटौति हुने मन्त्री थपलियाले बताउनुभयो । यथार्थपरक भएर काम नगरिएको र वास्तविकतामा तयारी ध्यान नपुगेका क्षेत्रमा कमजोरी स्वीकार्नु भन्दा फट्याइँ गर्न सहज मान्ने नेतृत्वबाट परिवर्तनको अपेक्षा गर्नु जायज हुन्न । यतिबेला तीनै तहका सरकारले मुलुकको अर्थतन्त्र संकटमा पर्नुमा सरकारी पुँजी परिचालन हुन नसक्नु पनि एउटा प्रमुख कारण हो भन्ने बुझेर पुँजीगत खर्च परिचालनका रणनीति पनि तयार पार्नुपर्नेतर्फ ध्यान दिन सकेका छैनन् ।

चालु खर्च कटौतिको नाममा कर्मचारीलाई फिल्डमा जान रोक्ने नीतिले पुँजीगत खर्च गर्न थप दवाव पर्ने बुझ्न नसक्नु अर्थतन्त्रले अझै जटिल परिस्थितिको सामना गर्नुपर्ने निश्चित छ । प्रदेश सरकारमा व्याप्त भ्रष्टाचारको अवस्थालाई छुनै नसक्नु अर्थतन्त्र सुधार्ने नियतमा प्रदेश सरकार छैन भन्ने स्पष्ट छ । प्रदेश सरकारले अर्थतन्त्रमा जिम्मेवारीपूर्ण हस्तक्षेप गर्न चाहेको भए मुख्यमन्त्री र प्रमुख सचिवको नेतृत्वमा योजना बन्नुपर्छ । सोमबार आर्थिक ममिला तथा योजना मन्त्रालयमा मन्त्रीले आफ्ना स्वकीयलाई राखेर एक्लै हिरो हुने प्रयास गरेजस्तो मात्रै देखिन्थ्यो । कम्तिमा मन्त्रालयका सचिव र महाशाखाका प्रमुखहरुलाई समेत राखेर वस्तुस्थितिप्रति गम्भीर भएर प्रस्तुती गर्नुपर्ने थियो । साँझको समयमा पत्रकार सम्मेलन गरेर लोकप्रिय देखिन खोज्नु बाहेक मन्त्री थपलियाको गम्भीरता पुष्टि हुने अवस्था थिएन । सरकारका अघिल्ला नीतिले अर्थतन्त्रका सूचकमा पारेको सकारात्मक प्रभावकै कारण राजश्व आम्दानीमा केही सीमितता देखिएका क्षेत्रलाई पनि मन्त्री थपलियाले चिन्ताको विषयको रुपमा व्याख्या गर्नुभएको छ । यसर्थ लोकप्रियताका लागि एउटा आव्हानको शैलीमा अहिलेको अर्थतन्त्रको संकटसँग जुध्न सकिन्न । तर, विज्ञसँगको परामर्शमा आधारित भई ठोस योजना बनाउने र त्यसको कार्यान्वयनमा कर्मचारी प्रशासनलाई परिचालन गर्न सक्ने आधार तयार पर्ने हो भने केही सुधारको अपेक्षा गर्न सकिन्छ । कृपया प्रदेश सरकारले त्यसतर्फ आफ्नो मात्रै नभई प्रदेशका सबै पालिकालाई पनि प्रेरित गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : साँझेदारीका कामबाट लाभ प्राप्त होला ।
**वृष** : संकटका क्षेत्रमा क्रमशः सुधार होला ।
**मिथुन** : घरायसी काम र रमझममा समय व्यतित होला ।
**कर्कट** : व्यापार–व्यवसायबाट लाभ प्राप्त हुनेछ ।
**सिंह** : आत्मबल र सामर्थ्य प्राप्त हुने समय छ ।
**कन्या** : मनोरञ्जन र यात्रा योग हुने समय छ ।
**तुला** : बुद्धि कौशलले काममा पूर्णता प्राप्त होला ।
**वृश्चिक** : आर्थिक अवस्थामा बिस्तारै सुधार होला ।
**धनु** : मित्र र सहयोगीले सहयोग गर्ने समय छ ।
**मकर** : सामाजिक र आध्यात्मिक कामबाट लाभ प्राप्त ।
**कुम्भ** : नोकरी र व्यापारबाट लाभ प्राप्त हुने समय छ ।
**मीन** : घमण्डले मानसिक र शारीरिक आघात होला ।

# क्षेत्रीय भाषा र मातृभाषाको उन्मुक्तिको प्रश्न



✍ अजय कुमार झा

मानिसले जीवनमा हुर्कंदै सिक्ने एक मात्र पहिलो भाषा हो, मातृभाषा। यसलाई आमाको काखमा सिकिने भाषा पनि भनिन्छ। मातृभाषाले नै सबैभन्दा पहिले मानिसलाई सोच्ने-बुझ्ने र व्यवहार गर्ने अनौपचारिक शिक्षा र समझ प्रदान गर्दछ।

नेपालको संविधानले राष्ट्रभाषा र सरकारी कामकाजको भाषा गरी दुई प्रकार को भाषा भनी उल्लेख गरेको छ, जसमा राष्ट्रभाषा भन्दै गर्दा नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुन् भनी भनिएको देखिन्छ । यसैगरी सरकारी कामकाजको भाषाको हकमा देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने संवैधानिक व्यवस्था छ ।

नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुन बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने व्यवस्था छ । त्यस्तै भाषा तथा संस्कृति सम्बन्धी मौलिक हकअन्तर्गत प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने, सांस्कृतिक जीवनमा सहभागी हुन पाउने र आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्वर्द्धन र संरक्षण गर्ने संवैधानिक हक प्रदान गरिएको छ ।

संविधानले, राज्यले बहुभाषिक नीति अवलम्बन गर्दै विभिन्न भाषाको बीचमा पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी संघीय एकाइबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने गरी राज्यलाई निर्देशित गरेको छ। नेपालभित्रका भाषाहरूको अध्ययन, अनुसन्धान र अनुगमन गरी यसको सम्वर्द्धन, विकास गर्न र सरकारी कामकाजको भाषाको रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधार तयार गरी सिफारिस गर्न भाषा आयोग गठन गर्ने व्यवस्था गरेको छ । भाषा आयोगको स्थापना भए पनि आयोगले सिफारिश गरी नसक्दा नेपालको मातृभाषा, सरकारी कामकाजको भाषा र बहुभाषिक नीति यतिबेला राष्ट्रिय बहसको विषय रही आएको छ ।

मानिसले जीवनमा सिक्ने पहिलो भाषा उसको मातृभाषा हो। शैशवावस्थामा हुर्कंदै सिकिने एक मात्र भाषा मातृभाषा हो । यसलाई आमाको काखमा सिकिने भाषा पनि भनिन्छ । आमाको आँचलमा पल्लवित भएको भाषाले बालकलाई उसको मानसिक विकासमा शब्द वा पहिलो सम्प्रेषण दिने गर्दछ । मातृभाषाले नै सबैभन्दा पहिले मानिसलाई सोच्ने-बुझ्ने र व्यवहार गर्ने अनौपचारिक शिक्षा र समझ प्रदान गर्दछ ।

वि.सं. २०६८ को जनगणना तथ्यांक अनुसार नेपालमा बोलिने मातृभाषाको संख्या १२३ रहेको देखिन्छ । भाषा आयोगको पछिल्लो प्रतिवेदनबाट आठ वटा मातृभाषा थपिएका छन्। तर आयोगले ती भाषाहरू विस्तृत रूपमा अध्ययन गरी नयाँ जनगणनाबाट प्रमाणित गरिनुपर्ने आवश्यकता देखाएको छ । अघिल्लो जनगणनामा देखिएका भाषाभाषीको बाँडफाँट पुनः प्रमाणीकरण गर्नुपर्ने जनाइएको छ। आयोगको तथ्याङ्कमा कुल ७५३ स्थानीय तहमा रहेको जात र बोल्ने भाषाको विवरण दिइएको छ । तर आयोगले उपलब्ध भाषिक तथ्याङ्कलाई तत्काल प्रमाणित र यसलाई सम्बोधन गर्न नेपालका भाषाहरूको छुट्टै सर्वेक्षण गर्नुपर्ने आवश्यकता औंल्याएको छ। यता मातृभाषी समूहले आयोगको उक्त भाषिक तथ्यांकमाथि प्रश्न उठाएका छन् र गत वर्ष सम्पन्न जनगणनाको तत्सम्बन्धी विवरण प्रकाशमा आई नसकेको अवस्था छ । यसरी हेर्दा संविधानले कतिपय कुरा सुनिश्चित गरे पनि मातृभाषा अधिकारको प्रश्न वि.सं. २०७२ अघिकै अवस्थामा छ । यसबाट भाषा आयोगले आफ्नो महत्वपूर्ण ६ वर्ष के गरी व्यतीत गर्यो भन्ने प्रश्न पनि उठेको छ ।

अभिलेख, दर्ता, प्रसारण, पत्राचार, प्रस्तुति, अभिव्यक्ति, प्रकाशन, अध्ययन, अध्यापन र लोकसेवा आयोगको परीक्षाका माध्यममा मातृभाषाको बेवास्ता यथावत् छ। शिक्षा, स्वास्थ्य, सार्वजनिक प्रशासन, आमसञ्चार, यातायात, कृषि, निर्माण, विकास, विज्ञान तथा प्रविधि जस्ता प्रमाणीकरण र सेवा प्रवाहका क्षेत्रमा मातृभाषाको प्रचलन हुनसकेको छैन । प्रदेशले तोकेको प्रदेशको सरकारी कामकाजको भाषाको प्रयोग संविधानको व्यवस्थाअनुरूप दिवास्वप्न भएको छ ।

संविधानको धारा ७ (२) मा नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रिय भाषालाई प्रदेशको कामकाजको भाषाको रूपमा राज्यको कानुन बमोजिम निर्धारण गर्न सक्नेछ। भाषिक रूपान्तरणको यज्ञ प्रारम्भ नहुँदा नेपाली भाषाको प्रयोग यथावत् छ। यसको पछाडि नियोजित षड्यन्त्रको गन्ध आइरहेको अनुभूति भइरहेको छ ।

एक अर्को दृश्यमा नेपाली भाषा बचाउन विभिन्न अभियान भएका छन् । ती अभियानमा लागेकाहरूले नेपाली भाषामाथि प्रहार भएको आरोप लगाइरहेका छन् । उनीहरूले कक्षा ११ र १२ मा १०० पूर्णांकको अनिवार्य नेपालीका साथै ऐच्छिक विषयमा पनि नेपाली राखे मात्रै नेपाली भाषाको विकासमा टेवा पुग्ने मत पेश गर्दै आएका छन् । उनीहरूले एक भाषा नीतिलाई कडाइका साथ अवलम्बन गरेका देशहरूको उदाहरण दिइरहेका छन्।

मातृभाषाको सन्दर्भमा केही विद्वानहरूको मान्यता छ कि आमाको भाषा नै मातृभाषा हो । तर यो पूर्ण सत्य भने होइन, आमाको भाषाका साथै बच्चाको शैशव र बाल्यकाल जहाँ व्यतीत हुन्छ, त्यस माहोलमा नै जननी भाव हुन्छ । जुन परिवेशमा बच्चा पालित-पोषित हुन्छ, त्यहाँ जुन भाषा ऊ सिक्दछ, त्यो भाषा त्यस बच्चाको मातृभाषा कहलाउँछ । यहाँ परिवेशको अर्थ परिवार एवं त्यस परिवारको सांस्कृतिक मूल्यसँग रहेको सम्झनुपर्छ ।

विभिन्न मातृ भाषाभाषीले आफ्नो भाषामा एउटा राम्रोसँग निवेदन लेख्न जान्दैनन् । आफ्नो भाषामा एक अनुच्छेद लेखेर प्रस्तुत गर्न शिक्षित नयाँ पुस्ताले जान्दैन । निमन्त्रणा कार्ड, तमसुक, दैनिक व्यावहारिक कागजात लेखनमा मातृभाषाको दैनिक प्रयोगको प्रायोगिक आवश्यक विषय हो । भाव पोख्ने सबैभन्दा सुलभ माध्यम भाषा हो । सबै जाति, संस्कृति, धर्म, परम्पराको सम्बन्ध गाँस्ने सेतु हो । साहित्य, वाङ्मय, शब्दकोश, लिपि, वर्ण, व्याकरण जस्ता भाषा बाँच्न चाहिने पूर्वाधारमा सम्पन्नता र विश्वमा व्यापकता, विश्वव्यापीकरणमा गति लिन भाषाहरू सक्षम हुनु आवश्यक छ । आफ्नो भाषाको महत्व नदिएर नेपाली मोहमा लहसिनु बौद्धिकता वा नैतिकता होइन ।

मातृभाषा नहुने वा नभएको मानिस हुन सक्दैन । कुनै पनि भाषाको आफ्नै महत्व हुने भए पनि मानिसको जीवनमा मातृभाषाको जुन भूमिका हुन्छ, त्यसको तुलना अन्य कुनै भाषासँग गर्न सकिंदैन । मानिसले सपनामा पनि मातृभाषामै कुराकानी गरेका हुन्छन् । अचाक्ली परी ब्युँझिंदा हुने चीत्कार पनि मातृभाषामै रहेको हुन्छ । यसको अर्थ मातृभाषा मानिसको कति नजिक रहेछ भन्ने हो । मातृभाषाले व्यक्तिको वैयक्तिक तथा सामाजिक पहिचान स्थापित गर्दछ । युनेस्कोका अनुसार भाषा केवल सम्पर्क, शिक्षा वा विकासको माध्यम नभएर व्यक्तिको विशिष्ट पहिचान पनि हो । मातृभाषाको महत्वको सन्दर्भमा युनेस्को के भन्दछ भने मातृभाषा ज्ञान, शान्ति, अधिकार, समावेशीकरण एवं विविधता हेतु आवश्यक छ । हरेक भाषा आफूसँग एक यस्तो विशिष्ट ज्ञान परम्पराको संवहन गर्दछ र राष्ट्रहरूको विकास प्रक्रियामा सहायक बनेर शान्तिलाई बढावा दिने कार्य गर्दछ ।

बालकको प्राथमिक शिक्षा मातृभाषामा नै गराउनुपर्छ । मातृभाषाले नागरिकलाई शिक्षा आदि मूलभूत अधिकार प्रदान गर्दछ र यसले समाजका सबै वर्गको समावेशीकरण सुनिश्चित गर्दछ । यस प्रकार समाजका सांस्कृतिक मूल्यको विरासतको संरक्षण गर्ने कार्य पनि मातृभाषाले नै गर्दछ । अविकसित देशहरूमा भाषाप्रति अनेक प्रकारका भ्रम फैलिएका हुन्छन्, जसमा एक अत्यन्त महत्वपूर्ण भ्रम यो हुन्छ कि अमूक भाषा विकासको भाषा हो । अमूक भाषा विना काम चल्दैन । जस्तै वैदेशिक रोजगारमा जाँदा त्यस देशको भाषा महत्वपूर्ण मानिन्छ, त्यस्तै आफ्नै देशमा पनि अमूक भाषा नसिकी केही पनि हुन्न भन्ने भ्रम फैलाइन्छ । जबकि युनेस्कोसहित अनेक संस्थानहरूको अनुसन्धानले यो सिद्ध गरेका छन् कि मातृभाषा शिक्षाले नै सही मानेमा विकास हुन सक्छ । मातृभाषामा शिक्षा दिइनु पूर्ण रूपले वैज्ञानिक दृष्टिकोण हो । यो मतलाई शिक्षासँग सम्बन्धित सबै पक्षले स्वीकारेका छन् ।

भारतीय वैज्ञानिक सीवी श्रीनाथ शास्त्रीका अनुसार अंग्रेजी माध्यमबाट इन्जिनियरिङको शिक्षा प्राप्त गर्नेको तुलनामा भारतीय भाषाको माध्यमबाट पढेका विद्यार्थी कतै बढी उत्तम वैज्ञानिक अनुसन्धान गर्न सक्दछन् । मातृभाषा मानिसको संस्कारहरूको संवाहक हो । मातृभाषा विना कुनै पनि देशको संस्कृतिको कल्पना पनि गर्न सकिन्न । मातृभाषाले मानिसलाई राष्ट्रियतासँग जोड्दछ र राष्ट्रप्रेमको भावना उत्प्रेरित गर्दछ । मातृभाषा मानिसको आत्माको आवाज हो। मातृभाषाले देशलाई मालाको थुँगा झैं जोड्ने कार्य गर्दछ ।

सन् १९५२ को २१ फेब्रुअरीका दिन बंगलादेश (तत्कालीन पूर्वी पाकिस्तान) का ढाका विश्वविद्यालय, जगन्नाथ विश्वविद्यालय तथा चिकित्सा महाविद्यालयका विद्यार्थीले बांग्लालाई राष्ट्रिय भाषा घोषित गरियोस् भन्ने माग राखी आन्दोलन गरे । त्यसमा अनेक विद्यार्थी पुलिसको गोलीको सिकार भएर आफ्नो मातृभाषाका लागि प्राण न्यौछावर गरे । मातृभाषाको लागि दिइएको यसै बलिदानको स्मृतिमा युनेस्कोले वर्ष १९९९ मा यसै दिनलाई अन्तर्राष्ट्रिय मातृभाषा दिवसको रुपमा मनाउन प्रारम्भ गऱ्यो, जसलाई संयुक्त राष्ट्रसंघले २००८ मा स्वीकृति प्रदान गऱ्यो ।

भाषिक साम्राज्यवादले संसारमा धेरै नै भाषालाई निल्ने काम गरेको छ । अष्ट्रेलिया र अमेरिकाका मूल बासिन्दाको भाषा र संस्कृतिलाई भाषिक साम्राज्यवादको सिकार भएर पूर्ण रूपले समाप्त भइसकेको अवस्था छ । भाषिक साम्राज्यवादले त्यस स्थितिलाई जनाउँछ जहाँ एक कडा राष्ट्रको भाषाले कमजोर देशको शिक्षा र शासन जस्ता विविध क्षेत्रबाट मातृभाषा (हरु) लाई हटाउँछ । यसका लागि घोषणा गरिएको वा घोषणा नगरिएकोले यस्तो प्रणाली बनाएर जरा गाड्न अनुमति दिइन्छ जसमा बोल्ने र विदेशी भाषा बोल्ने मानिसलाई दोस्रो वर्गका नागरिकहरु जस्तो बन्न बाध्य पारिएको हुन्छ । भाषिक साम्राज्यवाद भनेको एक देशको भाषा अर्को देशमाथि लादिने अवस्था मात्र होइन, अपितु कुनै देशभित्रै पनि एउटा खास भाषाले अन्य भाषामाथि प्रभुत्व जमाएको हुन्छ अथवा थिचोमिचोमा पारेको हुन्छ भन्ने अवस्था पनि हो ।

अन्तर्राष्ट्रिय मातृभाषा दिवस प्रादुर्भावको अन्तरकथाभित्र पनि यस्तै भाषिक साम्राज्यवाद र त्यसको प्रतिरोधको घटना रहेको पाइन्छ। बेलायती उपनिवेशसँगै भारतमाथि अंग्रेजी भाषाको साम्राज्यको स्थापना पनि भएको थियो । दोस्रो विश्वयुद्धपछि बेलायतले भारतमाथिको आफ्नो शासन हटाउँदै गर्दा भारतलाई भारत र पाकिस्तानको रुपमा दुई टुक्रा पार्ने काम पनि गऱ्यो। धार्मिक जनसंख्याको बहुलताको आधारमा टुक्रिएको पाकिस्तानको दुई हिस्सा अर्थात् पूर्वी पाकिस्तान र पश्चिमी पाकिस्तानबीचको दूरी हजारौं किलोमिटर रहेको थियो । पश्चिमी पाकिस्तान वर्तमान पाकिस्तान हो भने पूर्वी पाकिस्तान आजको बंगलादेश हो, जो सन् १९७१ डिसेम्बर १६ मा टुक्रिएको थियो। संस्थापन पाकिस्तानबाट बंगलादेश टुक्रिनुको कारण भाषिक स्वतन्त्रताको आन्दोलन नै हो । पाकिस्तानले उर्दू भाषालाई राजकाज भाषा मानेको थियो, जसको कुनै संस्कृति थिएन। तर बंगाली भाषाको आफ्नै संस्कृति थियो, जसले उर्दूलाई मालिक मान्न तयार थिएन र स्वतन्त्रताको पक्षमा थियो । यसै भाषिक स्वतन्त्रताको चाहनाले एक दिन उसले राष्ट्रिय स्वतन्त्रता समेत प्राप्त गऱ्यो ।

विश्वका धेरै विकसित र विकासशील देशहरु मातृभाषाको प्रयोगलाई सशक्त बनाएको कारणले प्रगतिको उचाइलाई छोइरहेका छन्। यस अर्थमा जापान हाम्रो अगाडि आदर्श उदाहरण हो । जापान विश्व बजारमा आर्थिक र औद्योगिक शक्तिको रुपमा रहेको छ र यो हैसियत उसले आफ्नो मातृभाषाको प्रयोगकै कारणले प्राप्त गरेको हो। अर्कोतर्फ हामी चीनको उदाहरण पनि लिन सक्छौं जुन विश्वमञ्चमा एक सुपर शक्तिको रुपमा देखा परेको छ। यदि हामीले उसको विकासको इतिहासलाई पनि हेऱ्यौं भने उसको मातृभाषाको उल्लेखनीय योगदान रहेको देखिन्छ । भारत पनि प्रगतिको चरम विन्दुमा पुग्न खोजिरहेको छ। आज विश्वव्यापी दौडमा भारत धेरै पछाडि छैन । त्यहाँको विकास पनि भाषिक चेतना र मातृभाषाको उत्थानको कारणले सम्भव भएको हो ।

मातृभाषा केवल ज्ञान प्राप्तिको विषय होइन, बल्कि मानवअधिकारको संरक्षण, सुशासन, शान्ति-निर्माण, सामञ्जस्य र सतत विकासको लागि एक आधारभूत आवश्यकता पनि हो । यसै प्रकार सामाजिक, आर्थिक एवं राजनीतिक विकास, शान्तिपूर्ण सह-अस्तित्व र सामाजिक, क्षेत्रीय, सामुदायिक सामञ्जस्यको लागि स्वदेशी भाषाहरु महत्वपूर्ण हुन्छन्। नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो । यी राष्ट्रिय विविधतामा हाम्रो विश्वास छ तर यसको बावजुद हामी आफूलाई विशेष रुपले भाषा तथा बोलीहरुको सन्दर्भमा उसको सम्वर्द्धन गर्ने कार्यमा सक्षम देखिइरहेका छैनौं । यसै कारणले पनि संयुक्त राष्ट्रले सन् २०१९ लाई स्वदेशी भाषाहरुको वर्ष घोषित गऱ्यो । ताकि स्वदेशी भाषाहरु अर्थात् मातृभाषाहरुलाई संरक्षित तथा पुनर्जीवित गर्न र तिनीहरुको विकासमा बढावा दिन तत्काल कामकाजलाई प्रोत्साहित गर्न सकियोस् ।

हरेक जातिको मातृभाषा त्यसको संस्कृतिकै अभिन्न अंग हो । त्यसैले संस्कृति संकटमा ...बाँकी पृष्ठ ३ मा

# "अहिलेको पुस्ताहरुले साहित्यको सूत्र खोजिरहेका छन्"

विद्यालय तहमा अध्ययन गर्ने बालबालिकाका अधिकांश अभिभावक आफ्ना बालबालिकाले पढ्न, लेख्न नसकेको गुनासो गर्ने गरेका छन् । आफ्ना बालबालिका नियमित विद्यालय जाने, अध्ययन गर्ने, घरमा रहँदा पनि अध्ययन गरिरहेको, गृहकार्य गरिरहेको हेर्न चाहने अभिभावकका लागि केही विद्यार्थी आदर्श र प्रतिनिधि विद्यार्थीका रुपमा हुन्छन् । ऋत्विक र समर्पण जस्ता विद्यार्थी विद्यालयका पुस्तक पढ्ने, गृहकार्य गर्ने मात्रै नभई पुस्तकाकार कृति नै प्रकाशन गर्न सफल छन् । हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलमा कक्षा १० मा अध्ययनरत ऋत्विक र हेटौंडा-५ स्थित जीएस निकेतनमा कक्षा ९ मा अध्ययनरत समर्पणसँग कृति प्रकाशन तथा औपचारिक शिक्षासम्बन्धमा समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानी:



समर्पण न्यौपाने र ऋत्विक केबी

**समाजः ऋत्विकको "कोरिएका धर्साहरु" कृति प्रकाशन अगाडि र प्रकाशनपछिको अनुभव कस्तो रह्यो ?**

**ऋत्विक**: मैले कक्षा ९ मा अध्ययन गरेदेखिनै कविता लेख्न थालेको थिएँ । मेरो कविता संग्रह 'कोरिएका धर्साहरु' मा मैले २४ वटा कविताहरु राखेको छु । यो संग्रहको कभर तथा हरेक कविताहरुको आफ्नै फरक कथा रहेका छन् । कृति प्रकाशनपछि, यति सानै उमेरमा कृति प्रकाशन गर्न सकेकोमा सम्पूर्ण साथीभाई, अभिभावक, शिक्षकहरु लगायत आफन्तहरुबाट हौसला र माया पाएँ ।

**समाजः समर्पणले कृति सार्वजनिक भएपछि कस्तो प्रतिक्रिया पाइरहनुभएको छ ?**

**समर्पण**: ऋत्विक दाइले जस्तो मैले कविता कस्तो हुन्छ, के हुन्छ भनेर पहिल्यै डिजाइन गरेर लेखेको कविताहरु होइनन् । यी कविताहरु मेरो किशोर अवस्थाका भाव तथा विचारहरुको संकलन हो । मैले लेखेको सबै कविताहरु यो कृतिमा अटाउन सकेन । कविताहरु धेरै छाँटकाँट भयो । केही कविताहरु भाव तथा विचार नमिलेर यो कृतिबाट हटाउनुपर्‍यो । मेरो सबै अग्रजहरुको हौसला र सहयोगले नै मैलै यो कृति प्रकाशन गर्न सफल भएँ । केही पारिवारिक समस्याका कारण विमोचनमा ढिलाइ भए तापनि हामीले सभ्य र भव्य विमोचन कार्यक्रम पनि गर्‍यौं । यसपछि पनि म धेरै कार्यक्रमहरुमा सहभागी भइरहँदा सबैबाट सकारात्मक प्रतिक्रिया पाइरहेको छु ।

**समाजः कृति प्रकाशनले औपचारिक शिक्षालाई कस्तो प्रभाव परिरहेको छ ?**

**समर्पण**: कविता लेखनले मेरो औपचारिक शिक्षामा नकारात्मक प्रभाव परेको छैन । अझ मेरो भाषा साहित्यको अध्ययनले गर्दा मेरो सिर्जनात्मक लेखनलाई अझ सुदृढ पार्न सहयोग पुगेको छ । सोधीखोजी अध्ययन गर्ने बानीले गर्दा अझ मेरो अरु प्राविधिक विषयहरुमा पनि सकारात्मक प्रभाव परिरहेको महसुस मैले गरेको छु ।

**समाजः साहित्यको अध्ययन र सिर्जना गरिरहँदा के-के कुराले गर्दा औपचारिक शिक्षालाई सकारात्मक प्रभाव परेको महसुस गर्नुभएको छ ?**

**समर्पण**: एउटा राम्रो साहित्य सिर्जना गर्नका लागि राम्रा-राम्रा पुस्तकहरु पढ्नुपर्छ । इतिहास खोतल्नुपर्छ र भविष्य बनाउन एउटा जोस जाँगर पनि हुनुपर्दछ । समाज अध्ययन गर्ने एउटा चेतना पनि हुनुपर्दछ । यस्ता चेतनाहरुले हाम्रो विभिन्न विषयमा प्रभाव पारिरहेका हुन्छन् । समाजलाई अध्ययन गर्ने छुट्टै दृष्टिकोणले गर्दा समाजसँग सम्बन्धित विभिन्न विषयहरुमा सकारात्मक प्रभाव पार्दछ । प्रविधि तथा विज्ञानका अध्ययनले गर्दा विज्ञान विषयमा राम्रो प्रभाव पर्दछ । विशेषगर ी साहित्यमा भाषा साहित्यको अध्ययनले गर्दा भाषालाई पनि सकारात्मक प्रभाव पारिरहेको हुन्छ ।

**समाजः साहित्य सिर्जनासँगै विद्यालयको पाठ्यक्रमको नियमित पठनपाठन, विद्यालयको समय र घरको समयलाई कसरी व्यवस्थापन गर्नुहुन्छ ?**

**ऋत्विक**: मानिसलाई केही कुरा गर्न रहर छ भने उसले जस्तोसुकै अवस्थामा पनि समय व्यवस्थापन गरेर उक्त काम गर्न सक्छ । यस्तै, साहित्य रचना गर्दा विभिन्न पुस्तकहरु पढ्नुपर्ने हुन्छ । अग्रजसँग सोध्नुपर्ने हुन्छ । आफैले पनि खोज्नुपर्ने हुन्छ । यसरी खोजीखोजी अध्ययन गर्ने बानीले गर्दा पठन संस्कृतिसँगै लेखन संस्कृतिको पनि विकास भएको छ । पठन र लेखन संस्कृतिमा भएको विकासले गर्दा विद्यालयको पाठ्यक्रमको पठनपाठन पनि सँगसँगै विकास हुँदै गइरहेको छ ।

**समाजः कृति प्रकाशनपछि साथीभाइ, शिक्षक, अभिभावक लगायतका व्यक्तिहरुको प्रतिक्रिया कस्तो पाइरहनुभएको छ ?**

**ऋत्विक**: मेरो कृति प्रकाशनपछि साथीहरुबाट सोचेजस्तो खासै सकारात्मक प्रतिक्रिया आएन । शिक्षक, अभिभावक तथा मेरा अग्रजहरुबाट भने मैले धेरै हौसला पाएको छु । जसले गर्दा अझै साहित्य लेखनमा ऊर्जा थपिएको छ ।

**समाजः आफ्नो औपचारिक शिक्षाका साथसाथै साहित्य सिर्जनामा लागेर ज्ञानको दायरा बढाउन के-के गर्नुपर्छ ?**

**समर्पण**: अहिलेको पुस्ताहरुले साहित्यको सूत्र खोजिरहेका छन् । तर मेरो विचारमा साहित्यको कुनै सूत्र हुँदैन । साहित्य सिर्जना गर्नका लागि पहिले आफुसँग जोश, जाँगर र उत्साह हुनुपर्दछ । म चाँहि साथीहरुलाई के भन्न चाहन्छु भने, शुरुमा पठन संस्कृतिको विकास गराउनुपर्छ । त्यसपछि लेखन संस्कृतिमा पनि विकास गर्नुपर्छ । आफुले जानेको कुरा भाव मिलोस या नमिलोस्, विचार मिलोस् या नमिलोस् लेख्नुपर्छ । पछि त्यसलाई नै परिस्कृत गरेर एउटा साहित्यको रुप दिन सक्नुपर्दछ ।

## क्षेत्रीय भाषा...

रहुन्जेल मातृभाषा फस्टाउन सक्दैन । मातृभाषा कुनै खास भौतिक, सामाजिक र सांस्कृतिक परिस्थितिसँग अन्तरक्रिया गर्दै सिकिने कुरो हो । ती परिस्थिति नै हराएपछि भाषाको प्रयोग हराउनु स्वाभाविकै हुन्छरु। नयाँ-नयाँ सामाजिक र सांस्कृतिक परिस्थिति व्यक्त गर्न हामीले आफ्नै मातृभाषाको पनि सामर्थ्य बढाउँदै लग्यौं भने मात्र हाम्रो मातृभाषा जीवन्त हुन्छ, नत्र मातृभाषा एक दिन गएर लोप हुने अवस्थामा पुग्छ । आफ्नो भाषा र संस्कृति देखाएरै हरेक जातिले आफूलाई संसारको अरु सबै जातिभन्दा फरक भनेर चिनाउन सक्छ । न्यायिक पटलहरूमा मुद्दासँगै आएका कतिपय शब्द, जो पक्षहरूको मातृभाषाबाट आएका हुन्छन्, जसलाई न्यायिक प्रणालीको भाषामा हुबहु अनुवाद गर्न सकिन्न, अथवा भनौं अनुवादले वास्तविक भाव प्रकट गर्न सक्दैन भने ती शब्दहरु कालान्तरमा न्यायिक शब्दकोशको हिस्सा बन्न पुग्दछन्।

त्यसैगरी कुनै घटनाक्रमले पनि कुनै मातृभाषा विशेषको शब्दलाई अन्तर्राष्ट्रिय दर्जामा पुर्‍याउन सक्दछ । स्थानीय पहिरन, खानपान, संस्कृतिका शब्दहरु पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भाषिक प्रचलनको हिस्सा बन्न पुग्दछन् । उदाहरणका लागि मैथिली भाषाका लाठी, घी जस्ता शब्द अंग्रेजी शब्दकोशको हिस्सा बन्न पुगेकोलाई लिन सकिन्छ ।

राष्ट्रिय जनगणना २०६८ ले देशमा ४४.६३ प्रतिशत नेपाली र ५५.३७ प्रतिशत अन्य मातृभाषा प्रयोगमा रहेको तथ्यांक देखाएको छ । यसरी बहुमतमा अन्य मातृभाषाहरु रहेर पनि ती मातृभाषाका प्रतिनिधिहरु एउटै मञ्चमा नआउँदा आफ्नो भाषिक अधिकारको स्थापना गर्न सकेका छैनन् । आफ्नो भाषामा काम कुरा गर्दा अन्य भाषाको विरोध गरेको हुँदैन । त्यस्तो कुरा भएको भए संविधानले बहुभाषिक नीति अवलम्बन नै गर्ने थिएन । बरु एउटै भाषाको प्रयोग बाध्यकारी हुँदा त्यसले विभिन्न खाले दुष्परिणाम उत्पन्न गर्दछ । मानिसले स्थान, समय र प्रयोजनका आधारमा मातृभाषा, क्षेत्रीय भाषा, राष्ट्रिय भाषा र अन्तर्राष्ट्रिय भाषाको प्रयोग गर्दछन् । मातृभाषाले जीवन र जातिको, क्षेत्रीय भाषाले संस्कृति र पहिचानको, राष्ट्रिय भाषाले राष्ट्रियता र स्वाभिमानको तथा अन्तर्राष्ट्रिय भाषाले विकास र लौकिकताको रक्षा गर्दछ । अन्तर्राष्ट्रिय र राष्ट्रिय भाषाको व्यापकतामाथि कुनै पनि प्रश्न छैन तर क्षेत्रीय भाषा र मातृभाषाको उन्मुक्ति कसरी सम्भव हुन्छ भन्ने प्रश्न अवश्य छ ।

भूमण्डलीकरणको वर्तमान दौडमा देशहरूको भौगोलिक दूरी हराउँदैछ । समय र गति आज महत्वपूर्ण हुँदै गइरहेका छन् । बजार भाषा व्यवसायको दुनियाँको एक मापदण्ड बनिरहेको छ । त्यसकारण यो महत्वपूर्ण छ कि हामीले हाम्रा कमजोरीहरु बुझ्न सकौं र आफ्नो लक्ष्य हासिल गर्न योजना बनाऔं । मातृभाषाका वक्ताले नै रहर नगरेसम्म, वक्ता नै पूर्ण निष्ठाले दिलोज्यान दिएर नलागुन्जेल सरकारले चाह्यो नै भने पनि वक्ताले रुचि नै देखाएन भने कसैको मातृभाषा, लोकपरम्परा र संस्कृति जोगिंदै जोगिंदैनरु। मातृभाषीको मुख र हातमा नै मातृभाषाको रक्षाको अभिभारा रहेको छ ।

सन् २०२३ का लागि अन्तर्राष्ट्रिय मातृभाषा दिवसको नारा 'बहुभाषिक शिक्षा-शिक्षालाई रुपान्तरणको आवश्यकता' राखिएको छ । नेपालको संविधानले प्राथमिक शिक्षा आफ्नो मातृभाषामा प्रदान गरिने व्यवस्था गरेको छ । तर संविधानको त्यो व्यवस्था लागू हुनसकेको छैन । यसका लागि प्रदेश सरकारहरूले एक बोर्डको गठन गर्नु उपयुक्त हुनेछ ।

*(स्रोतः अनलाईनखबर)*

# सर्लाहीमा ३ जना फरार अभियुक्तद्वारा आत्मसर्मपण

वीरगञ्जः सर्लाहीमा कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग तथा हातहतियार तथा खरखजना मुद्दा तीन जना प्रतिवादीले आत्मसर्पण गरेका छन् ।

सर्लाहीको रामनगर गाउँपालिका वडा नं.४ बस्ने ४४ वर्षीय धर्मेन्द्र साह, ३७ वर्षीय राजीव कुमार यादव र ५० वर्षीय देवेन्द्र राय यादवले प्रहरी समक्ष आत्मसर्मपण गरेका हुन् ।

आत्मसर्पण गरेका तीनै जनालाई सर्लाही जिल्ला अदालतमा फागुन ८ गते पेश गरिएकोमा धरौटीमा रिहा भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । धमेन्द्र २ लाख, राजिब र देवेन्द्र १ लाख ५० हजार, १ लाख ५० हजार धरौटी तिरेर छुटेको कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक कैलाश राईले जानकारी दिए ।

०७५ साल कात्तिक १२ गते सर्लाहीको रामनगर गाउँपालिका-४ मा नेपाली काँग्रेस र तत्कालीन नेकपा कार्यकर्ताहरुकाबीच विकास निर्माणको विषयलाई लिएर विवाद उत्पन्न भएको थियो । *(स्रोतः अनलाईनखबर)*

## मनाङ र हिमालयन...

सेटमा परिवर्तन गरेको बताउनुभयो । यसअघि राष्ट्रिय टिमका खेलाडीहरुले भरि पूर्ण मनाङले अहिले दीर्घकालिन सोचले नयाँ र युवा खेलाडीहरुलाई क्लबमा भित्र्याएको उहाँले बताउनुभयो । मनाङमा आवद्ध विदेशी खेलाडीहरुको प्रद्धर्शन पनि राम्रै रहेकोले मनाङले सजिलै उपाधी जित्ने उहाँले दाबी गर्नुभयो । यस्तै मनाङका कप्तान दीप कार्कीले आफुहरु मनाङलाई उपाधी हात पार्ने लक्ष्यसहित मैदान उत्रने दावी गर्नुभएको छ । सवै चिनेका अनुहार र सँगै खेलेको खेलाडीहरु नै भएकाले गेम निकै प्रतिस्पर्धात्मक हुने कार्कीको भनाई छ । कार्की राष्ट्रिय फुटबल टिमका गोलरक्षक समेत हुन् ।

हिमालयन शेर्पाका प्रशिक्षक सुमन श्रेष्ठले आफ्नो टिमले उपाधी जित्ने दावी गर्नुभएको छ । विदेशी टिमलाई समेत हराउन सफल भएपछि खेलाडीमा उत्साह देखिएको उहाँको भनाइ छ । मनाङका खेलाडीहरु हिमालयन शेर्पाबाट खेलिसकेकाहरु पनि रहेकाले सबै खेलाडीको खेल थाहा भएको उहाँले बताउनुभयो । यस्तै हिमालयनका कप्तान विश्वास श्रेष्ठले आफ्नो टिमले फाइनल जित्ने लक्ष्य राखेर नै खेलिरहेको बताउनुभयो । टिमलाई उपाधी दिलाउन संघर्ष गरेरै फाइनलसम्म पुर्‍याएको र अब फाइनल पनि जिताउने श्रेष्ठले दावी गर्नुभयो । प्रिम्याच कन्फ्रेन्समा बोल्नुहुँदै मकवानपुर जिल्ला फुटबल संघका उपाध्यक्ष युवराज लामाले फाइनलमा प्रवेश गर्ने टिमका खेलाडीले नै बुलेट बाइक प्राप्त गर्ने बताउनुभएको छ । उहाँले यसमा कुनै शंका नगर्न समेत आग्रह गर्नुभयो ।

हिमालयनले पहिलो खेलमा बागमती युथ क्लब सर्लाहीलाई हराउँदै क्वाटरफाइनल प्रवेश गरको थियो । क्वाटर फाइनलमा फेन्ड्स क्लब र सेमिफाइनलमा क्यामरुनको एभिनियर एफसीलाई हराउँदै हिमालयन शेर्पा फाइनलमा प्रवेश गरे हो । हिमालयनले भन्दा १ खेल कम खेलेको मनाङले क्वाटरफाइनलमा घरेलु टोली मकवानपुर-११ लाई हराउँदै सेमिफाइनल प्रवेश गरेको थियो भने सेमिफाइनमा नेपाल एपिएफलाई हराउँदै फाइनल प्रवेश गरेको हो । गोल्डकपको उपाधि विजेताले १५ लाख रुपैयाँ र उपविजेताले १० लाख रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद ५० हजार रुपैयाँ प्राप्त गर्नेछ भने विधागत उत्कृष्ट खेलाडीहरुले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगिताको उत्कृष्ट खेलाडीले बुलेट बाइक प्राप्त गर्नेछ । बुलेट बाइकको प्रायोजन हेटौंडा स्कूल अफ म्यानेजमेन्टले गरेको हो ।


# JOB OPPORTUNITY

**Job Title: Programme Officer**
**Location: Based in Makawanpur District.**

**ABOUT ORGANISATION:**

The Esther Benjamin Memorial Foundation (EBMF) is a non-profit making, non-political, non-sectarian and Non-Government Organization (NGO). The Organization was set up in order to rescue the trafficked, displaced and separated children from their families by traffickers and compelled to work in Circuses in India and other various places. It has been rescued over 850 children from different places and most of them have reunified with their family and community and supporting them for education. The organization has been providing educational support to 1400 needy children. The children who are at risk of trafficking, siblings of trafficked children and other vulnerable children in the community are prioritized first to this support. We have been supporting Local Government Schools in Makawanpur District for 'Basic infra-structure', 'Health and Hygiene' and encapsulating awareness knowledge on 'Anti-Trafficking' in these local schools and communities. The organization has high respect to the rights of the children and promoting their fundamental rights to be with their own family and the native community.

EBMF is seeking to recruit competent, committed, self-motivated and enthusiastic Nepali candidate for the position of Programme Officer.

**PURPOSE OF POSITION:**

The Programme Officer is a vital position to implement School Support Project in order to provide educational opportunity to the needy children in disadvantage communities and promote quality of education in government/community schools.

**BASIC QUALIFICATIONS, EXPERIENCE AND COMPETENCES:**

- Minimum Bachelor's Degree in development studies or social sciences or education,
- Minimum of 3 years' working experience in similar field,
- Having sound and practical knowledge in the field of Education Support Programme, Scholarship and Government / community schools and Family Support Programme,
- Excellent interpersonal and networking skills to create a favorable working environment and to get instant support from/in local communities,
- Having good knowledge on data collection, assessments, analysis and preparation of case studies / reports,
- Having knowledge on Nepali Government School system; management structure, SMC, parent teacher association (PTA) and student / child clubs,
- Having knowledge on child friendly learning environment,
- Basic knowledge on child psychology, child development and easy going with children to deal with them, knowing them and their problems,
- Make plan and effectively implement 'Anti-Trafficking, Intervention and Response Programme.
- Conduct orientation sessions/surveys/trainings/assessments related to Anti-Trafficking under the guidance of Project Officer Anti-Trafficking.
- A very good communication and correspondence skills with excellent spoken Nepali and English,
- Composure, flexible and having proven problem solving and organizational skills,
- Good team worker, able to live in remote areas under basic circumstances in an insecure environment and work closely with a small team,
- Ability to plan and organize work effectively and deal with multiple tasks simultaneously,
- Familiar with set up in remote areas and spending time with rural people,
- Should have excellent working knowledge on Microsoft Office mainly MS-Excel Programmes with Nepali typing skills,
- Having basic knowledge on TOT, arranging trainings and facilitation will be added advantage,
- Passionate on helping at risk, victimized, poor, disadvantaged and vulnerable children in community,
- Having basic knowledge of local languages.
- Two wheeler licenses holder is compulsory.

**Starting Date:** 15 March 2023 (on yearly contract basis)
Reports to: District Programme Manager.
Working with: M & E Officer, Counselor/Rescue Coordinator, Project Officer (Reintegration), Development Officer and Field Supervisors.

**WORKING HOURS:**

These are 40 hours per week, normally 9 am to 5pm, Monday to Friday, with one hour for lunch. However, because this is a charity appointment the post holder will frequently work out of hours or at weekends. The employment is on a contractual basis and is renewable.

Qualified candidates are requested to forward their updated CV along with a cover letter expressing why they are specifically suited by qualification, experience and other competencies for this position. Please write a clear statement of salary expectation. EBMF will offer an attractive remuneration package to the deserving candidate. Interested candidate may apply to: info@ebmfnepal.org by 17:00 hours, 1 March 2023. Only shortlisted candidates will be contacted. Phone calls prior to the interview will automatically eliminate candidates from consideration. EBMF reserves the rights to cancel the vacancy announcement without assigning any reason whatsoever.

# कैलाश र बागमतीमा अनिवार्य तथा निशुल्क शिक्षा

जमुना थिङ

हेटौंडाः मकवानपुर जिल्लाको कैलाश गाउँपालिका र बागमती गाउँपालिकामा अनिवार्य तथा निशुल्क शिक्षा घोषणा गरिने भएको छ । बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले कैलाश र बागमती गाउँपालिकामा अनिवार्य र निशुल्क शिक्षा कार्यक्रमका लागि छनौट गरेको छ ।

कैलाश गाउँपालिकाको शिक्षा शाखाका प्रमुख सूर्य थिङले बाध्यकारीरुपमा अहिले स्थानीय तहलाई अनिवार्य र निशुल्क शिक्षा ऐन कार्यान्वयनका लागि प्रदेश सरकारले दवाव दिएको जानकारी दिनुभयो । सोही बमोजिम स्थानीय तहले पनि अनिवार्य र निशुल्क शिक्षा कार्यान्वयनका लागि सम्झौता गरेको थिङले बताउनुभयो । दिवा खाजा वितरण जस्ता प्रयास गरेर अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयन प्रयास गरिएको उहाँको भनाइ छ । तर अभिभावकसँग विद्यालय सहयोग जस्ता विभिन्न बहानामा विद्यालयले शुल्क लिँदै आइरहेकोले २०७५ सालमा अनिवार्य र निशुल्क शिक्षा ऐन आएपनि हालसम्म कार्यान्वयन हुन नसकेको थिङ बताउनुहुन्छ ।

उहाँका अनुसार कैलाश गाउँपालिकालाई कुल विद्यार्थी भर्नादर र विद्यालय बाहिर रहेका बालबालिकाको संख्याको आधारमा प्रदेश सरकारले अनिवार्य र निशुल्क शिक्षा कार्यक्रम अन्तर्गत छनौट गरिएको छ । जसमा ९५ दशमलव ६ प्रतिशत विद्यार्थी भर्ना भएका छन् भने करिव ५ प्रतिशत बालबालिका अझै विद्यालय बाहिर रहेको तथ्यांक छ । तर आधिकारिक रुपमा कति बालबालिका अझै विद्यालय बाहिर छन् भन्ने तथ्यांक भने यकिन नभएको उहाँको भनाइ छ । जुन आउँदो शैक्षिक सत्रमा पालिकाले अनिवार्य र निशुल्क शिक्षा घोषणालाई तिव्र पारि एपछि यकिन तथ्यांक आउने समेत उहाँले आश्वासन दिनुभयो ।

उहाँका अनुसार कैलाश गाउँपालिकालाई आउँदो शैक्षिक सत्रदेखि नै अनिवार्य र निशुल्क बनाउनेछ । प्रदेश सरकारले सोमबार ७ जिल्लाका ११ पालिकालाई अनिवार्य र निशुल्क शिक्षा कार्यक्रमका लागि छनौट गरिएको उहाँले जानकारी दिनुभयो । जसमा मकवानपुर जिल्लाको कैलाश गाउँपालिका र बागमती गाउँपालिका, चितवन जिल्लाको इच्छाकामना गाउँपालिका, धादिङ जिल्लाको धुनिवेशी नगरपालिका र गल्छी गाउँपालिकालाई उक्त कार्यक्रममा छनौट गरिएको छ । यसैगरी ललितपुर जिल्लाको बागमती गाउँपालिका र महालक्ष्मी नगरपालिका, सिन्धुली जिल्लाको दुधौली नगरपालिका, काभ्रेपलाञ्चोक जिल्लाको बेथानचोक गाउँपालिका र खानिखोला गाउँपालिका, रसुवा जिल्लाको गोसाईंकुण्ड गाउँपालिकालाई प्रदेश सरकारले अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम अन्तर्गत छनौट गरिएको बताउनुभयो ।

# सडक सुरक्षा सम्बन्धी अभिमुखीकरण

समाज संवाददाता

हेटौंडाः नासा मकवानपुरको आयोजनामा सरोकार निकायका प्रतिनिधिलाई नेपालमा सडक सुरक्षासँग सम्बन्धित कानुनी व्यवस्थाबारे अभिमुखीकरण गराएको छ । मंगलबार मानवअधिकारकर्मी, ईन्जिनियर, पत्रकार, उद्यमी र शैक्षिक संघ, संस्था लगायतका सरोकारवाला निकायका व्यक्तिहरुलाई हेटौंडामा अभिमुखीकरण गराइएको हो ।

सडक सुरक्षाका युवा अभियन्ता प्रकृति अर्याल लगायतले नेपालमा सडक सुरक्षासँग सम्बन्धित कानुनी व्यवस्थाबारे अभिमुखीकरण दिइएको हो । जसमा अर्यायलले सुरक्षित सडक र यातायातका लागि युवाको भूमिका विषयमा सहजीकरण गर्नुभयो । उहाँका अनुसार सामाजिक सञ्जालको बढ्दो प्रयोगका कारण दुर्घटनाको दर बढेको छ । यस्तै, सहभागीहरुले तिव्र गतिमा सवारीसाधन चलाउनेहरुको निगरानी हुन नसकेको भन्दै चिन्ता व्यक्त गरेका छन् ।

हेटौंडा उपमहानगरपालिकाका ईन्जिनियर सत्यनारायण साहले ट्राफिक प्रहरीहरुको काम जरिवाना असुल्ने प्रयास मात्र रहेको गुनासो गर्नुभयो । जसमा चालकहरुले कतिको गतिमा सवारीसाधन चलाइरहेको भन्ने कुराको निगरानी नगरिएको भन्दै उहाँले यस्तो गुनासो गर्नुभयो । उहाँका अनुसार राजमार्गमा सिसिसि क्यामराको निगरानी गर्न सकेमात्र सम्भावित दुर्घटनाबाट बच्न सकिने छ ।

# २ भारतीय नागरिकसहित ३ जनाको पारिवारिक पुनर्मिलन



समाज संवाददाता

हेटौंडाः हेटौंडा-९ लम्सुरेस्थित मानवसेवा आश्रमको मुख्य कार्यालय हेटौंडाले २ जना भारतीय नागरिकसहित ३ जनाको पारिवारिक पुनर्मिलन गरिएको छ । कृष्ण राई, मनाजिर शेख र हीराकान्ता झालाई सोमबार पारिवारिक पुनर्मिलन गरिएको हो ।

मेची-महाकाली यात्रामा उद्दार गरिएका राईलाई ९ वर्षपछि पारिवारिक पुनर्मिलन गरिएको हो । ईलामरोङ गाउँपालिका-३ का भाई तिलक बहादुर राईलाई कृष्णको जिम्मा लगाएको छ । यस्तै, मनाजिरलाई साढे ४ वर्षपछि छिमेकी देश भारत पुणे जिल्लामा परिवारमा बुबा भदरुल शेखलाई जिम्मा लगाएको हो । यसैगरी हीराकान्तलाई ९ वर्षपछि पारिवारिक पुनर्मिलन गरिएको छ । छिमेकी देश भारत शरदा जिल्लामा हिराकान्ताका भाई मुकेश कुमार झालाई पारिवारिक पुनर्मिलन गरिएको हो । रोजगारको सिलसिलामा बिरामी भएपछि ती भारतीय नागरिकहरु बेवारिसे अवस्थामा नेपाल आइपुगेको मानवसेवा आश्रमका अभियन्ता होमनाथ पौडेलले जानकारी दिनुभयो ।

# राजतन्त्र पुनःस्थापनाको माग गर्दै हेटौंडामा मोटरसाइकल ऱ्याली



समाज संवाददाता

हेटौंडाः राजतन्त्र पुनःस्थापनको माग गर्दै हेटौंडामा मोटरसाइकल ऱ्याली निकालिएको छ । राजावादी वीर गोर्खाली समूह मकवानपुरले मंगलबार दिउँसो हेटौंडाको हुप्रचौरबाट र्याली सुरु गरेको हो ।

राजावादी वीर गोर्खाली समूहले आयोजना गरेको ऱ्याली सिमाचोकामा पुगेर कोण सभामा परिणत भएको थियो । र्यालीमा "हाम्रो राजा हाम्रो देश, प्राण भन्दा प्यारो छ, हाम्रो भाषा हाम्रो भेष, प्राण भन्दा प्यारो छ, राजतन्त्र जिन्दावाद, नारायणहिटी खाली गर, हाम्रो राजा आउँदैछन्, गणतन्त्र धोका हो, मेचि-काली हल्ला छ राजा ल्याउने सल्लाह छ" भन्दै नारा लगाएका थिए ।

कार्यक्रममा वीर गोर्खाली समूह मकवानपुर जिल्ला संयोजक वीरेन्द्र श्रेष्ठको नेतृत्वमा वीर गोर्खाली मकवानपुर सहसंयोजक विवेक विक्रम शाह, वरिष्ठ सल्लाहकार संजोग श्रेष्ठ लगायत नेता, कार्यकर्ताको उपस्थिति रहेको थियो ।

# कारखानाको कार्यक्रम सम्पन्न

समाज संवाददाता

हेटौंडाः मोवाइल आर्टस् फर पीस म्यापको सहकार्यमा कारखाना समुह काठमाडौंले हेटौंडा-१६, हटियास्थित जनप्रिय माध्यमिक विद्यालयमा ३ दिवसीय कलामा आधारित सामुदायिक कार्यक्रमको समापन भएको छ । मंगलबार हेटौंडा-१६ का वडा अध्यक्ष रामकृष्ण कोइरालाको प्रमुख आतिथ्यमा समापन कार्यक्रम भएको छ ।

शिक्षण सिकाइ क्रियाकलापलाई कलाको माध्यमबाट योजनाबद्ध रुपले संचालन गर्दा प्रभावकारी हुने निष्कर्ष कार्यक्रमको रहेको छ । वडा अध्यक्ष कोइरालाले विषयगत सामग्रीलाई नाटक र अभिनयको सांकेतिक माध्यमबाट प्रस्तुत गरेमा शिक्षण अत्यन्तै रोचक हुने विद्यार्थीले पनि रुची दिने र सिकाई परिणाममुखी हुने विचार राख्नु भयो । कार्यक्रममा जनप्रिय माविका प्रधानाध्यापक भुपेन्द्र चौलागाई, कारखाना समुहका संस्थापक साकार पुडासैनी, त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक राजिव तिमल्सिना, जनजागृति मावि रातोमाटेका सहायक प्रधानाध्यापक दिलकुमार लामा, चुरियामाई माविका शिक्षक शर्मिला गुम्मी, जनप्रियका म्याप फोकल शिक्षक कृष्णप्रसाद अधिकारी लगायतकाले कार्यक्रमको उद्देश्य बारेमा धारणा राख्नु भएको थियो ।

प्रशिक्षकद्वय जुही अधिकारी र गुन्जन दिक्षीतको सहजीकरणमा तयार भएका सामाजिक विभेद, भ्रष्टाचार, चेलबेटी बेचिबखन, वैदेशिक रोजगारलाई कलाका माध्यबाट समस्या र समधानका पक्षहरुलाई प्रस्तुत गरिएको शिक्षक युक्तलाल विश्वकर्माले जानकारी गराउनु भएको छ । कार्यक्रममा विभिन्न विद्यालयका बाल क्लबका ३५ जना विद्यार्थीको सहभागिता रहेको थियो ।

सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि
www.samriddhasamaj.com.np

# बुद्धिबहादुरलाई एक लाख

समाज संवाददाता

हेटौंडाः बजाज कम्पनिको मोटर साइकल खरिद गरेका निजगढका बुद्धिबहादुर दोङले लक्की ड्रमा एक लाख रुपैयाँ जित्नु भएको छ । "८ हजार पक्का १ लाख जित्ने मौका" अभियानमा मोटर साइकल खरिद गर्नुभएका दोङले पहिलो सातामै १ लाख रुपैयाँ जित्न सफल हुनुभएको हो ।

होराइजन अटो प्रालि हेटौंडाबाट पल्सर १ सय ५० सिसिको मोटरसाइकल खरिद गर्नुभएका बारा जिल्लाको निजगढका दोङले १ लाख रुपैयाँ जित्नुभएको होराइजन अटो प्रालिका सञ्चालक लालकाजी रत्न बज्राचार्यले जानकारी दिनुभएको हो । बज्राचार्यका अनुसार यसअघि पनि हेटौंडाका बजाज खरिदकर्ताहरुले यस्तै चिठ्ठा प्राप्त गरेको छ । यसअघि हेटौंडाको पदमपोखरीका कृष्ण लामाले फोर्ड फिगो कार उपहार प्राप्त गर्नु भएको थियो ।







हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

इन्जिनियरिङ तथा आर्किटेक्चर सेवाका लागि
हामी छौं सुन्दर नगरी हेटौंडामा



घरको नक्सा, डिजाइन, घरको थ्रीडी, डीपीआर, आइईई, ईआइए, इन्जिनियरिङ्ग सर्भे, लागत अनुमान, मूल्यांकन, स्टील स्ट्रक्चर, सम्पूर्ण निर्माणको कार्य, मास्टर प्लान, सुपरभिजन, इन्टेरियर डिजाइनको कार्यहरुका लागि सम्झनुहोस् ।

केवी ग्रुप अफ इन्जिनियरिङ प्रालि
हेटौंडा-२, नगरपालिकारोड
०५७-५२४६९४/९८४३०२८६३५

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ